कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य सेवा निर्देशनालय
**स्वास्थ्य सेवा कार्यालय**
सिमकोट, हुम्ला, नेपाल

Phone:-087680234
Email:dhshumla234@gmail.com

## मेडिकल अक्सिजन सिलिण्डरको सिलबन्दि दरभाउ पत्र पेश गर्ने बारे सूचना ।

प्रथम पटक प्रकाशित मिति २०७८।०१।३०

स्वास्थ्य सेवा कार्यालय सिमकोट,हुम्लामा मेडिकल अक्सिजन सिलिन्ड र खरिद गर्नु पर्ने भएको हुदा इच्छुक, फर्म कम्पनी वा संस्थाले यो सुचना प्रकाशित भएको मितिले ७ दिन भित्र सिलबन्दी फारम भरी यस कार्यालयमा पेश गर्न हुन जानकारी गराइन्छ । सिलबन्दी दरभाउ पत्र सम्बन्धी सम्पुर्ण जानकारी सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेश सुर्खेतको Website **www.mosd.karnali.gov.np** मा हेर्न सकिने छ ।

नि.कार्यालय प्रमुख
स्वास्थ्य सेवा कार्यालय हुम्ला

नि. कार्यालय प्रमुख

कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य सेवा निर्देशनालय
**स्वास्थ्य सेवा कार्यालय**
सिमकोट,हुम्ला,नेपाल

Phone:-087680234
Email:dhshumla234@gmail.com

## स्वास्थ्य सेवा कार्यालय हुम्लाको मेडिकल अक्सिजन सिलिन्डर (Purchase and Installation of Buster Systemfor Oxygen filling) खरिद गर्ने सम्बन्धी सुचना

**प्रथम पटक प्रकाशित मिति २०७८।०१।३०**

स्वास्थ्य सेवा कार्यालय सिमकोट,हुम्लाका लागि मेडिकल अक्सिजन सिलिन्डर (Purchase and Installation of Buster System for Oxygen filling) खरिद गर्नु पर्ने भएको हुदा सम्बन्धित निकायमा दर्ता भएका फर्म,संस्था वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले ७दिन भित्र सूचनामा उल्लेखित सेवा र शर्तमा रही पछि फिर्ता नहुने गरी रु१०००।– रकम बुझाइ फिलिङ सिस्टमको दरभाउ पत्र खरिद गर्न सकिने छ ।

तपशिलः

शिलवन्धी दरभाउपत्र फाराम भर्दा पालना गर्नु पर्ने शर्तहरु

१. आपुर्तिकर्ताले तोकिएको स्पेशिफिकेसन अनुसारको मेडिकल अक्सिजन सिलिन्डर यस कार्यालयमा आपुर्ति गर्नु पर्ने छ ।

२. दरभाउपत्र फारम खरिद गर्दा अध्यावधिक नविकरण भएको फर्मको ईजाजत प्राप्तपत्र,आन्तरिक राजश्व कार्यालयमा मु.अ.कर दर्ता भएको प्रमाणपत्र,आ ब २०७६।०७७ को कर चुक्ता प्रमाणपत्र र नेपालि नागरिकताको प्रमाणपत्रहरुको प्रतिलिपि संलग्न हुनुपर्नेछ। दरभाउपत्र दाता खरिद कारवाहीमा भागलिन अयोग्य नभएको यो खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र ब्यबसाय सम्बन्धि कसुर सजाय नपाएको भनि लिखित रुपमा गरेको घोषणापत्र समेत सिलबन्दि दरभाउ पत्र साथ पेश गर्नुपर्नेछ। तर कालो सुचिमा परेको ब्याक्ती फर्म संस्था वा कम्पनिको संचालकले आफ्नो पूर्ण वा आंसिक स्वामित्व कायम रहनेगरि खोलेको नयाँ फर्म कम्पनि वा संस्था वा निज आफै वा निज समेतको नाममा भईरहेको अर्को फर्म संस्था वा कम्पनिले दरभाउपत्र पेश गर्न पाईनेछैन ।

३. खरिद भएका दरभाउपत्रहरु रितपुर्वक भरि आबश्यक कागजातहरु संलग्न राखि सहिछाप गरि शिलबन्दि गरि खामको वाहीर ब्याक्ती वा फर्मको पुरा नाम ठेगाना कामको विवरण स्पष्ट लेखि आठौ दिनको १२ वजे भित्र स्वास्थ्य सेवा कार्यालय हुम्लामा दर्ता गराउनुपर्नेछ । अन्यथा मान्यता दिईनेछैन। दर्ता भएका सम्पुर्ण शिलबन्दि दरभाउपत्र ठेकेदार वा निजको आधिकारीक प्रतिनिधिहरुको र रोहवरमा सोही दिनको २ वजे खोलिने छ। दरभाउपत्र दाता वा निजको आधिकारीक प्रतिनिधिहरुको अनुपस्थित रहेमा पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन ।

४. दरभाउपत्र दाताले कबोल गरेको रकम वाटै दरभाउपत्रमा उल्लेखित खरिद,जडान तथा यस कार्यालयका कर्मचारीहरुलाइ उक्त मेसिन संचालन सम्बन्धी तालिम वा सिकाइ प्रदान गर्नु पर्ने छ ।

नि. कार्यालय प्रमुख

५. कार्यालय प्रमुख वा निजले तोकेको व्यक्तिले सहिछाप गरि कार्यालयको छाप समेत लगाएको दरभाउपत्र फारम मात्र मान्य हुनेछ । प्रतिलिपिमा पेश गरेको मान्य हुने छैन

६. शिलवन्दी दरभाउपत्र दाताले दरभाउपत्र फारामका पानाहरुमा नमेटिने मसिले सहि गरी फर्म वा कम्पनिको छाप समेत लगाउनु पर्नेछ ।

७. शिलवन्दी दरभाउपत्र दाताले दरभाउपत्रको शिलवन्दी खाम वाहिर दरभाउपत्र खरीद गरेको कार्यालयको नाम, दरभाउपत्र दाताको पुरा नाम र ठेगाना समेत उल्लेख गर्नुपर्नेछ ।

८. एकपटक पेश गरी दर्ता गरिएको शिलवन्दी दरभाउपत्र फिर्ता वा संशोधन गर्न पाईने छैन ।

९. सम्झौतामा तोकिएको म्यादभित्र यस कार्यालयमा अक्सिजन सिलिन्डर आपुर्ति गर्न नसकेको खण्डमा नियानुसार जरिवाना लाग्नेछ ।

१०. प्रस्ताव खरिद गर्न रु १०००।– यस कार्यालयमा नगदै बुझाइ वा यस कार्यालयको प्रदेश लेखा इकाइ कार्यलय को रा.वा.बैंक सिमकोट, हुम्लामा रहेको खाता नम्वर ४१९०१००२०२०३०००० कार्यालय कोड ३५००२६४०२६ र राजस्व शिर्षक नम्वर १४२२९ मा रकम जम्मा गरेको सक्कल भौचर कार्यालयको खरिद सम्वन्धि **Email:dhshumla234@gmail.com** पठाएमा सिलबन्दी दरभाउपत्र फारम सम्बन्धित व्यक्ती, फर्म वा कम्पनीलाइ सोझै वा Email मार्फत पठाउन सकिनेछ।

११. ठेक्का अबधिभर कुनैपनि मुल्य बृद्धि दिईनेछैन ।

१२. शिलबन्दि दरभाउपत्र खरिद गर्ने दर्ता गर्न र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन सोही समयमा उक्त कार्यहुनेछ ।

१३. शिलवन्दी दरभाउपत्रमा अंक र अक्षर दुवैमा स्पष्ट संग लेखिएको हुनुपर्नेछ ।अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको रकम लाई मान्यता दिईनेछ । केरमेट भएको ठाँउमा अनिवार्य सहिछाप हुनुपर्नेछ ।

१४. नियमानुसार लाग्ने कुनैपनि कर दस्तुरहरु ठेकेदार स्वयंले बेहोर्नुपर्नेछ ।

१५. म्याद नाघि वा रित नपुगि वा कुनै शर्त राखि पेश हुन आएको शिलबन्दी दरभाउपत्र उपर कुनैपनि कारबाही गरिनेछैन ।

१६. दरभाउपत्र सम्वन्धि सुचनामा कुनै शंसोधन भएमा कार्यालयको सुचना पाटीमा टाँस गरिनेछ

१७. प्राप्त हुन आएका दरभाउपत्रहरु पुर्णरुपमा स्विकार गर्ने, आंशिक रुपमा स्विकार गर्ने वा पुर्णरुपमा अस्विकार गर्ने सम्वन्धी सम्पुर्ण अधिकार यस स्वास्थ्य सेवा कार्यालयमा निहित रहनेछ ।

१८. शिलवन्दी दरभाउपत्र साथ संलग्न शर्तहरुमा उल्लेख भएका कुराहरुको हकमा उल्लेख भएबमोजिम र यसमा उल्लेख हुन छुट भएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।

१९. दुई वा दुई भन्दा वढि फर्महरुको मुल्य बराबरमा आएमा मुल्याङन समितिको निर्णय अनुसार हुनेछ ।

२०. सिलबन्दी दरभाउपत्र सम्वन्धि अन्य कुरा बुझ्न परेमा कार्यालय समय भित्र यस कार्यालयको फोन नं ०८७६८०२३४ मा सम्पर्क गर्न सकिनेछ ।

नि. कार्यालय प्रमुख

तपशिलः

| क्र सं | ठेक्का नं | विवरण | लागत अनुमान (मु.अ.कर सहित रु ) | विडबन्ड रकम रु | दरभाउपत्र खरिद दस्तुर | कैफीयत |
|---|---|---|---|---|---|---|
| १ | 06-077/078-G-HSO,HUMLA | स्वास्थ्य सेवा कार्यालय हुम्लाका लागी ४० लिटरको मेडिकल अक्सिजन सिलिन्डर आपुर्ति गर्नु पर्ने छ । | ३९,७४,९१७।३८ (अक्षेरुपि उनान्चालिस लाख चौहत्तर हजार नौसय सत्र रुपैया अठतिस पैसा मात्र ) | १०००००।- (एकलाख रुपैया मात्र ) | १०००।- (एक हजार मात्र ) | |

नि.कार्यालय प्रमुख
स्वास्थ्य सेवा कार्यालय हुम्ला

नि. कार्यालय प्रमुख

कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य सेवा निर्देशनालय
**स्वास्थ्य सेवा कार्यालय,हुम्ला**

कर्णाली प्रदेश सरकार सामाजिक विकास मन्त्रालय स्वास्थ्य सेवा निर्देशनालय स्वास्थ्य सेवा कार्यालय सिमकोट, हुम्ला, नेपाल

नि. कार्यालय प्रमुख

**Project :-** To purchase Of Oxygen Cylinder
**F/Y:-** 077/078
**Contract Number:-** 06-077/078-G-HSO,Humla.

**Bill of Quantites (BOQ) for Medical Oxygen Cylinder.**

| S.NO | Details/Paticular | Qty | Rate | Total Amount | Total Amount in words. | Remark |
|---|---|---|---|---|---|---|
| 1 | Supply For 40Ltr.Medical Oxygen Cylinder In Health Service Office Humla (Humla Hospital) | 122 | | | | |
| Total | | | | | | |

**For Suppliers:-**
Name of Form:-
Address :-
Singnature and Stamp :-
Contact No:-